**आकाशवाणी समाचार- नेपाली**

मितिः ०७ फरवरी २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. उप राष्ट्रपति जगदीप धनखड आज कर्नाटकको राणेबेन्नूरको भ्रमण गर्नु हुनेछ।

२. प्रधानमन्त्री नरेन्द्र मोदीले देशको विकासमा मध्यम वर्गको भूमिकाको प्रशंसा गर्नुभएको छ र उनीहरूको आकांक्षाले राष्ट्रको प्रगतिलाई गति दिइरहेको बताउनु भएको छ।

३. दिल्ली विधानसभा चुनावको भोलि हुने मतगणनाको लागि सबै तयारी पूरा भएको छ।

४. भारत र स्पेनका रक्षा मन्त्रालयहरू बीचको संयुक्त कार्य समूहको पाँचौं बैठकमा द्विपक्षीय रक्षा सहयोग गतिविधिहरूको समीक्षा गरिएको छ।

५. महाकुम्भको आध्यात्मिक भव्यताबाट आकर्षित भएर पाकिस्तानको सिन्ध प्रान्तका ६८ हिन्दू भक्तजनको समूह प्रयागराज संगममा आएर पवित्र स्नान गरे।

**उप राष्ट्रपति - कर्नाटक**

उप राष्ट्रपति जगदीप धनखड आज कर्नाटकको राणेबेन्नूरको भ्रमण गर्नु हुनेछ। आफ्नो एक दिने भ्रमणको क्रममा, श्री धनखर राणेबेन्नुरमा कर्नाटक वैभव साहित्यिक तथा सांस्कृतिक महोत्सवको उद्घाटन समारोहमा प्रमुख अतिथि रहनु हुनेछ।

****** ० ******

**प्रधानमन्त्रीको धन्यवाद प्रस्ताव**

प्रधानमन्त्री नरेन्द्र मोदीले देशको विकासमा मध्यम वर्गको भूमिकाको प्रशंसा गर्नुभएको छ र उनीहरूको आकांक्षाले राष्ट्रको प्रगतिलाई गति दिइरहेको बताउनु भएको छ। हिजो राज्यसभामा राष्ट्रपतिको सम्बोधनमाथि धन्यवाद प्रस्तावमाथिको बहसको जवाफ दिनु हुँदै प्रधानमन्त्रीले मध्यम वर्गलाई उनीहरूको हातमा बढी पैसा दिएर सशक्त बनाउने सरकारको निर्णयमाथि प्रकाश पार्नु भयो। श्री मोदीले भन्नु भयो, देशमा एक नव-मध्यम वर्गको उदय भएको छ र उहाँको सरकार यस नव-मध्यम वर्गसँग बलियो प्रतिबद्धताका साथ उभिएको छ। उहाँले भन्नु भयो, २५ करोड मानिसहरूलाई गरिबीबाट बाहिर निकालिएको छ जुन उनीहरूको लागि गर्वको कुरा हो। भाजपाको नेतृत्वमा रहेको एनडीए सरकारको विकास मोडेल 'राष्ट्र प्रथम' हो, जुन तुष्टीकरणको सट्टा "सन्तुष्टि" मा केन्द्रित छ भनी जोड दिनु हुँदै उहाँले भन्नु भयो, मानिसहरूले यो मोडेलको परीक्षण गरेका छन्, बुझेका छन् र समर्थन गरेका छन् र त्यसैले उहाँको सरकारलाई तेस्रो पटक जनादेश दिएका छन्।उहाँले जनताको कल्याणका लागि स्रोतहरूको अधिकतम उपयोग गर्ने र सीमान्तकृत समुदायहरूको अधिकारको रक्षा गर्ने सरकारको प्रतिबद्धतालाई रेखांकित गर्नु भयो। प्रधानमन्त्रीले आफ्नो सरकारले अनुसूचित जाति र अनुसूचित जनजातिहरूको हितको रक्षा गर्न अनुसूचित जातिहरूको पक्षमा कानूनहरूलाई बलियो बनाएको कुरामा जोड दिनु भयो। श्री मोदीले दिव्यांगजनहरूको कल्याणका लागि सरकारको प्रयासहरूको बारेमा पनि बोल्नु भयो।कांग्रेसमाथि आलोचना गर्नु हुँदै प्रधानमन्त्रीले भन्नु भयो,

सबका साथ, सबका विकास शासनको मोडेल कांग्रेसका लागि बुझ्न नसकिने कुरा हो किनकि सम्पूर्ण पार्टी एउटै परिवारप्रति समर्पित छ। उहाँले कांग्रेसलाई धोका, तुष्टीकरण र नातावाद भन्ने मोडेल पछ्याएको आरोप लगाउनु भयो। प्रधानमन्त्री मोदीले कांग्रेस सरकारको आर्थिक नीतिहरू र भ्रष्टाचारलाई जन्म दिने र देशको आर्थिक प्रगति र विकासलाई असर गर्ने 'लाइसेन्स कोटा राज'माथि पनि प्रहार गर्नु भयो। उहाँले देशमा आपतकाल लगाएकोमा कांग्रेस सरकारलाई लक्षित गर्नु भयो।आफ्नो समापन टिप्पणीमा, प्रधानमन्त्रीले भन्नु भयो, राष्ट्रपतिको भाषणमा देशको उपलब्धिहरू, भारतबाट विश्वको अपेक्षाहरू, देशको आम मानिसको आत्मविश्वास र विकसित भारतको संकल्पको बारेमा विस्तृत विवरण थियो।प्रधानमन्त्रीको जवाफपछि, माथिल्लो सदनले राष्ट्रपतिको सम्बोधनमा धन्यवाद प्रस्ताव पारित गऱ्यो, जसले गर्दा धेरै विपक्षी सांसदहरूले ध्वनि मतले गरेको संशोधनलाई अस्वीकृत गरियो।

****** ० ******

**दिल्ली चुनावको मतगणना**

दिल्ली विधानसभा चुनावको भोलि हुने मतगणनाको लागि सबै तयारी पूरा भएको छ। दिल्लीका मुख्य निर्वाचन अधिकारी आर एलिस वाजले हिजो ७० विधानसभा निर्वाचन क्षेत्रहरूको फारम १७ सी सहितको निर्वाचन कागजातहरूको छानबिन पूरा भएको बताउनु भएको छ। छानबिनको क्रममा निर्वाचन आयोगका केन्द्रीय पर्यवेक्षक, उम्मेदवार र उनीहरूका एजेन्टका साथै निर्वाचन अधिकारीहरू उपस्थित रहेको उहाँले बताउनु भयो। प्रमाणीकरण प्रक्रियाको क्रममा कुनै पनि उम्मेदवारले कुनै गुनासो नगरेको उहाँले बताउनु भयो। चुनाव आयोग र पुलिस अधिकारीहरूको कडा निगरानीमा इलेक्ट्रोनिक भोटिङ मशिन-ईभीएमहरूलाई स्ट्रङ रुममा राखिएको छ। मतगणनाका लागि दिल्लीका ११ जिल्लामा १९ वटा केन्द्रहरू स्थापना गरिएको छ।सुश्री वाजले भनु भयो, गणना कार्यको लागि गणना पर्यवेक्षक, गणना सहायक, सूक्ष्म पर्यवेक्षक, डेटा कर्मचारी र अन्य कर्मचारीहरूसहित लगभग १२ हजार कर्मचारीहरू खटाइएको छ र गणना प्रक्रियाको लागि तालिम दिइएको छ।

****** ० ******

**बैठक-भारत स्पेन**

भारत र स्पेनका रक्षा मन्त्रालयहरू बीचको संयुक्त कार्य समूहको पाँचौं बैठक हिजो नयाँ दिल्लीमा सम्पन्न भयो। बैठकको क्रममा, दुवै पक्षले द्विपक्षीय रक्षा सहयोग गतिविधिहरूको समीक्षा गरे र समुद्री क्षेत्रसहित धेरै संयुक्त गतिविधिहरूको योजना बनाउने बारेमा छलफल गरे। एक विज्ञप्तिमा, रक्षा मन्त्रालयले भनेको छ कि उनीहरू रक्षामा, विशेष गरी प्रविधि र हतियार उत्पादनको क्षेत्रमा सहयोगमा ध्यान केन्द्रित गर्न सहमत भएका छन्।बैठकको अध्यक्षता संयुक्त सचिव (अन्तर्राष्ट्रिय सहयोग) अमिताभ प्रसाद र रक्षा नीति महासचिवका रक्षा कूटनीतिसम्बन्धी विशेष सल्लाहकार ब्रिगेडियर जनरल पाउलिनो गार्सिया डिएगोले संयुक्त रूपमा गरेका थिए।

****** ० ******

**कुम्भ पाक तीर्थयात्रीहरू**

महाकुम्भको आध्यात्मिक भव्यताबाट आकर्षित भएर, पाकिस्तानको सिन्ध प्रान्तका ६८ हिन्दू भक्तजनको समूह हिजो प्रयागराज आइपुगे र संगममा पवित्र स्नान गरे। उत्तर प्रदेश सूचना विभागका अनुसार, भक्तजनले गंगा, यमुना र पौराणिक सरस्वतीको पवित्र संगममा अनुष्ठान गरे, आफ्ना पुर्खाहरूको लागि प्रार्थना गरे। समूहसँगै आएका महन्त रामनाथले भन्नु भयो, उनीहरू पहिले हरिद्वार गएका थिए, जहाँ उनीहरूले आफ्ना पुर्खाहरूको अस्थि विसर्जन गरे र महाकुम्भमा आउनु अघि अनुष्ठान गरे।सञ्चारकर्मीहरूसँग कुरा गर्दै, तीर्थयात्रीहरूले आफ्नो भिजा छिटो जारी गरेकोमा भारत सरकारप्रति कृतज्ञता व्यक्त गरे, जसले गर्दा उनीहरू आध्यात्मिक कार्यक्रममा भाग लिन सक्षम भए। भक्तजनले विभिन्न शिविरहरूको भ्रमण र मेलामा उपस्थित आध्यात्मिक नेताहरूलाई भेटेर आफ्नो आनन्द बाँड्दै कार्यक्रमको आयोजनाको प्रशंसा गरे। उनीहरूले आशा व्यक्त गरे कि भारत सरकारले पाकिस्तानका भक्तजनलाई भिजा प्रदान गर्न जारी राख्नेछ।

****** ० ******

**महाकुम्भ - नयाँ कानून**

प्रयागराजको महाकुम्भ मेलामा देशका तीन नयाँ आपराधिक कानूनहरूको बारेमा जनतालाई शिक्षित गर्न डिजिटल प्रदर्शनी राखिएको छ। ती कानूनहरू भारतीय न्याय संहिता, भारतीय नागरिक सुरक्षा संहिता र भारतीय सक्षम अधिनियम हुन्। नयाँ कानूनहरू गत वर्ष १ जुलाईमा देशभर लागू गरिएको थियो जसले भारतको न्यायिक प्रणालीमा ऐतिहासिक परिवर्तनको प्रतिनिधित्व गर्दछ। साइबर अपराध र संगठित अपराध जस्ता समकालीन चुनौतीहरूलाई सम्बोधन गर्न नयाँ रूपरेखा प्रस्तुत गरिएको छ| हाम्रा संवाददाताले जाकारी दिए अनुसार नयाँ कानूनहरूले भारतीय दण्ड संहिता, आपराधिक प्रक्रिया संहिता र भारतीय प्रमाण ऐनलाई प्रतिस्थापन गरेका छन्।

****** ० ******

**गुजरातका मुख्यमन्त्री – महाकुम्भ**

गुजरातका मुख्यमन्त्री भूपेन्द्र पटेलले आज उत्तर प्रदेशको प्रयागराजमा चलिरहेको महाकुम्भ मेलाको भ्रमण गर्नु हुनेछ। मुख्यमन्त्री बिहान ९:३० बजे प्रयागराज पुग्नुहुनेछ र पछि दिउँसो १२:३० बजे गंगा, यमुना र सरस्वती नदीको त्रिवेणी संगममा पवित्र स्नान गर्नुहुनेछ। श्री पटेलले बडे हनुमानजी मन्दिरमा पनि प्रार्थना गर्नुहुनेछ। हिजो हरियाणाका मुख्यमन्त्री नायब सिंह सैनी र मणिपुरका मुख्यमन्त्री एन बिरेन सिंहले त्रिवेणी संगममा डुबकी लगाउनु भयो। महाकुम्भ मेला २६ फरवरीमा महाशिवरात्रिसम्म जारी रहनेछ।

****** ० ******

**विदेश मन्त्रालय-बंगलादेश**

भारतले बंगलादेशमा शेख मुजीबुर रहमानको निवासमा उपद्रवीहरूले गरेको नष्टको कडा निन्दा गरेको छ। सञ्चारकर्मीको प्रश्नको जवाफ दिँदै विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले भन्नु भयो, शेख मुजीबुर रहमान आक्रमणकारी र अत्याचारी शक्तिहरू विरुद्ध बंगलादेशका जनताको वीर प्रतिरोधको प्रतीक हुन्। उहाँले भन्नु भयो, बंगाली पहिचान र गौरवलाई पोषण गर्ने स्वतन्त्रता संग्रामलाई महत्व दिनेहरूलाई बंगलादेशको राष्ट्रिय चेतनाको लागि यो निवासको महत्त्व थाहा छ। श्री जयस्वालले भन्नु भयो, यो बर्बर कार्यको निन्दा गरिनुपर्छ।

****** ० ******

**जम्मू र कश्मीर - एसईआईएल**

जम्मू कश्मीरका उप राज्यपाल मनोज सिन्हाले हिजो जम्मू कन्भेन्सन सेन्टरमा उत्तर-पूर्वी राज्यहरूका युवाहरूसँग अन्तरक्रिया गर्नु भयो। हाम्रो संवाददाताले बताए अनुसार युवा एबीभीपी विद्यार्थीहरू अन्तर-राज्य जीवन अनुभव-एसईआईएल पहल अन्तर्गत जम्मू भ्रमण गरिरहेका छन्। उप राज्यपालले यी युवाहरूलाई बलियो र विकसित भारत निर्माणमा सामूहिक रूपमा काम गर्न आह्वान गर्नु भयो। श्री सिन्हाले युवाहरूले समाजका कमजोर र जोखिममा परेका वर्गको आवश्यकता र आकांक्षामा ध्यान देऊन् भन्ने चाहना व्यक्त गर्नु हुँदै विकास प्रक्रियामा सहभागी हुन र चौतर्फी प्रगतिमा योगदान पुऱ्याउन सकून् भन्ने कुरामा जोड दिनु भयो। उप राज्यपालले विश्वको सबैभन्दा ठूलो विद्यार्थी संगठनको रूपमा, अखिल भारतीय विद्यार्थी परिषदले आफ्नो स्थापनाकालदेखि नै भौगोलिक दूरीलाई कम गरेर र युवाहरूलाई भारतको सांस्कृतिक परम्परासँग जोडेर एकता र भाइचाराको भावनालाई सुदृढ पार्न महत्वपूर्ण योगदान पुऱ्याएकोमा आफूलाई अत्यन्तै गर्व लागेको बताउनु भयो।उप राज्यपाल मनोज सिन्हाले उत्तर-पूर्वी राज्यहरूको विकास यात्राको बारेमा पनि बोल्नु भयो। उहाँले पूर्वोत्तर राज्यहरूका प्रतिष्ठित व्यक्तित्वहरूलाई श्रद्धांजलि अर्पण गर्नु भयो र राष्ट्र निर्माणमा उनीहरूको योगदानको कदर गर्नु भयो। उहाँले पाहुना युवाहरूलाई नयाँ जम्मू कश्मीरको राजदूत बन्न आग्रह गर्नु भयो। यस वर्ष, SEIL पहल अन्तर्गत, मणिपुर, मेघालय, नागाल्याण्ड, आसाम, त्रिपुरा, मिजोरम, अरुणाचल प्रदेश र सिक्किमका तीस विद्यार्थीहरूले जम्मूको भ्रमण गरे र

प्रत्येक विद्यार्थीले स्थानीय परिवारको सदस्यको रूपमा घुलमिल हुने मौका पाए। उप राज्यपालले यी युवा प्रतिनिधिहरूलाई आफ्नो घरमा राख्ने आतिथ्य परिवारहरूलाई पनि सम्मान गर्नु भयो।

****** ० ******

## सिख दंगा मुद्दाको फैसला

दिल्ली न्यायलयको विशेष न्यायाधीश कावेरी बावेजाले आज सिख विरोधी दंगा मुद्दामा कांग्रेसका पूर्व सांसद सज्जन कुमारमाथि आफ्नो फैसला सुनाउनु हुनेछ। यो मुद्दा १ नोभेम्बर १९८४ मा सरस्वती विहार क्षेत्रमा भएको बुबा-छोराको हत्यासँग सम्बन्धित छ। ३१ जनवरीमा न्यायलयले सरकारी वकिल मनीष रावतको थप तर्क सुनेर आदेश सुरक्षित राख्यो। अधिवक्ता अनिल शर्माले यस मुद्दामा शुरुदेखि नै सज्जन कुमारको नाम नभएको, विदेशी भूमिको कानून यस मुद्दामा लागू हुँदैन र सज्जन कुमारको नाम लिने साक्षीमा १६ वर्षको ढिलाइ भएको बताउनु भएको थियो। यो पनि तर्क गरिएको थियो कि सज्जन कुमारलाई दिल्ली उच्च न्यायलयले दोषी ठहराएको मुद्दा सर्वोच्च अदालतमा विचाराधीन छ। वरिष्ठ अधिवक्ता एचएस फूलकाले उद्धृत गरेको मुद्दालाई अधिवक्ता अनिल शर्माले पनि उद्धृत गर्नु भएको थियो। उहाँले भन्नु भयो, असाधारण परिस्थितिमा पनि देशको कानून लागू हुनेछ, अन्तर्राष्ट्रिय कानून होइन। अतिरिक्त सरकारी वकिल मनीष रावतले खण्डन गर्दै पीडितले अभियुक्तलाई नचिनेको बताउनु भएको थियो।

****** ० ******

## खोटाङ-बाँस सम्मेलन

जहाँ बाँस हुन्छ, त्यहाँ जीवन हुन्छ; वातावरणविद् र विचारकहरू आगामी २७ मार्चमा नेपालको खोटाङस्थित दिक्तेलमा पहिलो राष्ट्रिय बाँस सम्मेलनमा भेला भए; 'जहाँ जीवन छ त्यहाँ बाँस छ' भन्ने विषयमा मानिसहरूलाई आफ्नो विचार साझा गर्न आमन्त्रित गरिएको छ। पहिलो राष्ट्रिय बाँस सम्मेलनको पूर्व-कार्यक्रममा, नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले हरित अर्थतन्त्रलाई प्रवर्द्धन गर्न र वातावरणमैत्री वातावरण सिर्जना गर्न बाँसको सम्भावनामाथि प्रकाश पार्नु भयो। उहाँले सम्मेलन शहरी केन्द्रको सट्टा डिक्टेलमा आयोजना गर्ने निर्णयले शहर-केन्द्रित कार्यक्रमहरूको लागि चुनौती प्रस्तुत गरेको र फराकिलो, थप समावेशी दृष्टिकोणलाई प्रोत्साहन गरेको बताउनुभयो।पूर्व वातावरणमन्त्री गणेश शाहले बाँसमा आधारित उद्योगहरूलाई प्रवर्द्धन गर्ने सम्मेलनको सम्भावनामाथि जोड दिनु भयो। उहाँले नेपालको धर्म, संस्कृति, परम्परा र साना उद्योगहरूमा बाँसले महत्त्वपूर्ण भूमिका खेल्ने र यो धेरै प्रयोगहरू भएको बहुमुखी उत्पादन भएको बताउनु भयो।वन अनुसन्धान तथा तालिम केन्द्रका महानिर्देशक डा. राजेन्द्र केसीले नेपालको बाँसलाई 'हिमालयन बाँस ब्रान्ड' अन्तर्गत अन्तर्राष्ट्रिय स्तरमा बजारीकरण गर्न सकिने बताउनु भयो। नेपालमा ८१ प्रजातिका बाँस पाइन्छ। छलफलमा बाँस छिटो बढ्ने बिरुवा हो भन्ने कुरामा जोड दिइएको थियो। यसको उत्पादन र प्रयोगलाई प्रवर्द्धन गर्नाले आर्थिक समृद्धिमा योगदान पुऱ्याउन सक्छ। बाँसका उत्पादनहरू पूर्णतया वातावरणमैत्री भएकाले प्लास्टिकका वस्तुहरूको विकल्प हुन्।

****** ० ******

## इन्डियन सुपर लिग

इन्डियन सुपर लिग-आईएसएलमा नर्थईस्ट युनाइटेड एफसीले आज मेघालयको शिलोङस्थित जवाहरलाल नेहरू स्टेडियममा मुम्बई सिटी एफसीको सामना गर्नेछ। यो मेघालयमा लिगको पहिलो खेल हुनेछ। आईएसएलमा यी दुई टोली २१ पटक आमनेसामने भएका छन्, जसमध्ये मुम्बई सिटी एफसीले ११ पटक र नर्थईस्ट युनाइटेड एफसीले छ पटक जित हासिल गरेको छ। चार खेल बराबरी भएका छन्।

****** ० ******

**रिजर्भ बैंक रिपो दर**

एक अग्रणी उद्योग संस्था एसोचैमले भनेको छ कि आर्थिक वृद्धिलाई सहयोग गर्न रिजर्भ बैंकले आफ्नो बेन्चमार्क रिपो दर लगभग ५० आधार बिन्दुले घटाउन सक्छ। कोभिड महामारीपछि उत्पन्न आर्थिक संकटको सामना गर्न, रिजर्भ बैंकले मई २०२० मा रिपो दर ४० आधार बिन्दुले घटाएर ४ प्रतिशतमा पुऱ्याएको थियो। एसोचैमको विश्वास छ कि भारतीय अर्थतन्त्रमा माग र लगानी बढाउनु तत्काल आवश्यक छ, जुन ऋणको लागत घटाएर प्राप्त गर्न सकिन्छ। यी दर कटौतीले बैंकिङ प्रणालीमा व्यवसायलाई बढावा दिनेछ र उपभोग र वित्तीय प्रणालीमा सुधार गर्नेछ।

****** ० ******